अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १८/०७९/०८०  **मितिः**२०७९/१२/१३

**अध्यक्षताः** का.वा.नगर प्रमुख श्री नरेन्द्रकुमार श्रेष्ठ

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री नरेन्द्रकुमार श्रेष्ठ | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

मिति २०७९ साल चैत्र १३ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **आय/व्ययको विवरण सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्म प्राप्त भएको संलग्न विवरण बमोजिमको आय र व्ययको विवरण कार्यालयबाट प्राप्त भई बैठकमा जानकारी भयो ।

२. **कार्यविधि स्वीकृत सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकामा खानेपानी उपभोक्ता समिति गठन तथा सञ्चालनका लागि बनेको खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

३. **परामर्श सेवा लिने सम्बन्धमा ।**

भू-उपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ बमोजिम यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्रका जग्गाहरुको उपयोग क्षेत्रको वर्गिकरणका लागि स्थानीय भू उपयोग परिषद्ले निर्धारण गरेको मापदण्ड बमोजिमको जग्गाहरुको विवरण सङ्कलन तथा यकिन गर्न जि.आइ.एस. सम्बन्धि प्राविधिक काम गर्न सम्बन्धित सेवा प्रदायकको परामर्श सेवा लिनु पर्ने भएकाले सेवा परामर्श शीर्षकमा विनियोजित बजेटबाट खर्च लेख्ने गरी परामर्श सेवा लिने निर्णय गरियो ।

४. **म्याद थप सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिहरु मार्फत सञ्चालन हुने आयोजनाहरुको सम्झौता गर्नका लागि २०७९ चैत्र मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

५. **विपद् व्यवस्थापन सहायता सम्बन्धमा ।**

गत चैत्र ८ गते आएको भिषण हावाहुरीका कारण अर्जुनधारा नगरपालिका वडा नं ७ बस्ने श्री मिनादेवी सिटौला र अर्जुनधारा नगरपालिका वडा नं ३ बस्ने श्री सुजाता राई को घरमा अत्याधिक क्षति पुर्याई बस्नै नमिल्ने बनाएको हुनाले सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम राहत तथा पुनर्स्थापनाका लागि नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट जनही रु २५ हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

६. **बजेट विनियोजन सम्बन्धमा ।**

निम्न बमोजिम आयोजनाहरुका लागि देहाय बमोजिम खर्च शीर्षकबाट खर्च लेख्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना | रकम (रु) | खर्च श्रोत |
|---|---|---|---|
| १ | वडा नं २ को जागृती चर्चमा शौचालय निर्माण थप | २५ हजार | प्रस्तावनामा आधारित कार्यक्रम |
| २ | वडा नं २ को भोर्लेनी दाहाल गाउँ पूर्व इनार निर्माण | १ लाख | स्वच्छ खानेपानी आयोजना |

७. **विविधः**

(१) अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने श्री दिपक खतिवडाका छोरा वर्ष ८ का नवयुग खतिवडालाई नगरपालिकाको स्वास्थ्य संस्थाबाट खटिएको टोलिले हात्तिपाइले रोग विरुद्धको आम औषधि सेवन गराउँदा बिरामी भई उपचार गर्दा भएको खर्च मध्ये रु २५ हजार नगरपालिकाबाट सहायता उपलब्ध गराउने निर्णय गरियो ।

(२) अर्जुनधारा नगरपालिका, १० नं वडा कार्यालयको च.नं. १३९७ मिति २०७९/१२/०३ गतेको सिफारिस बमोजिम १० नं वडाका लागि स्वीकृत विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम आयोजनाका लागि सिफारिस भए बमोजिम ४२ जनाको नामावली अनुमोदन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।